## अनुसूची-१५

## (दफा ३३ को उप-दफा (२) संग सम्बन्धित)

# काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/०२/०७

चेतनशिल सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०३ कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ / दाउरा, २०८०/०८१ मा उत्पादन भई जिल्ला वन पैदावार आपुर्ति समितिबाट फिर्ता भएको काठ दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल लगायत जातको गोलिया थान ११८५ को ८०६५ क्यू.फि. काठ र आ.व.२०७६/०७७ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा मध्ये जिल्ला वन पैदावार आपुर्ति समितिबाट फिर्ता भएको साल जातको ३१८ थानको २३६१.७० क्यू.फिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन सम्ममा बोल पत्र खरिद गरि १६ औं दिन भित्रमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री चेतनशिल सामुदायिक वन उपभोक्ता समूह,**

**शिवराज न.पा -०३, कपिलवस्तु**